# खिजीदेम्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
खिजीफलाटे, ओखलढुंगा
स्था: २०७३

१ नं. प्रदेश, नेपाल


पत्र संख्या : २०७८/०७९
चलानी नं. १८

मिति :- २०७८/०५/२५

श्री सम्पुर्ण विधालयहरु
खिजिदेम्वा गाँउपालिका,ओखल्ढुंगा

विषयः- विधालय सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०७८/०५/२५ गतेका दिन वसेको शिक्षा समितिको वैठक निर्णय वमोजिम विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विधालय सञ्चालन कार्यढाँचा २०७७ का प्रावधान तथा आचार संहिताको आनिवार्य रुपमा सम्पुर्ण विधालयहरले पालना गरि मिति २०७८/०६/०१ देखी विधालय सञ्चालन गर्नु गराउनु हुन जानकारी गरिन्छ ।

## बिधालय सञ्चालन कार्यविधि मापदण्ड र आचारसंहिता

१, विधालय व्यावस्थापन समिति,शिक्षक अभिभावक संघ र वडा शिक्षा समितिको वैठक वसी कोभिड जोखिम मुक्त अवस्था ठहर गरेमा अधिकतम सुरक्षाको मापदण्ड अपनाई विधालय सञ्चालन गर्ने ।

२,बिधालयका शिक्षक कर्मचारीहरुले अनिवार्य रुपमा खोप लगाएको हुनु पर्ने ।

३,विधालयले घर बाट विधालय आउदा ,विधालय भित्र रहदा,घर फर्कदा शिक्षक, विधार्थी,अभिभवाकहरुले पालना गर्नु पर्ने आचारसंहिताहरु निर्माण गरि बि.व्य.स.मा छलफल गरि लागु गर्नु पर्ने ।

४, विधालयले पालनागर्नु पर्ने स्वास्थ्य मापदण्ड तथा आचारसंहिता सम्वन्धमा जिल्ला कोभिड नियन्त्रण व्वस्यापन समितिले निर्देशन गरेका सयन्त्रहरु निर्माण गरि अनुगमन गर्ने व्यवस्था मिलाउने ।

५, विधालयको भुगोल तथा विधार्थी संख्या उपलब्ध भौतिक पुर्बधरको आधारमा विधार्थीको वसाई व्यवस्थापन गर्ने आंसिक वा जोरविजोर वा आलोपालो प्रणालीमा विधालय सञ्चालन गर्ने व्यावस्थापन मिलाउने ।

विधार्थी,शिक्षक,अविभावकहरुले पालना गर्नु पर्ने आचारसंहिता

- विधार्थीहरुले विधालय आउदा अनिवार्य रुपमा माक्स लगाउनु पर्ने ।
- विधालय हाताम प्रवेश गर्नु आघि अनिवार्य रुपमा सावुन पानीले हात धुनु पर्ने ।
- विधालय आउदा बाटोमा सामाजिक दुरि कायम गर्नु पर्ने ।
- पठनपाठनको क्रममा कक्षाकोठाको झ्यालढोका वन्द नगर्ने ।

# खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
खिजीफलाटे, ओखलढुंगा
स्था: २०७३

पत्र संख्या : २०७८/०७९ — १ नं. प्रदेश, नेपाल

चलानी नं. १८ — मिति :- २०७८/०५/२५

- बिधार्थी विधालयमा प्रवेश पश्चात जुन सिटमा वसेको छ नियमित रुपमा सोही सिटमानै अनिवार्य रुपमा वस्ने ।
- विधालय भित्र कुनै समस्य भएमा अनिवार्य रुपमा सम्पर्क व्यक्ती वा विधालयले तोकेको विधार्थी मनिटर सँग सम्पर्क गर्ने ।
- कक्षा कोठामा रहदा व्यक्तीगत सरसमानहरु साटसाट नगर्ने ।
- विधालयबाट घर फर्किदा समुदायमा घुमफिर नगर्ने घर प्रवेश गर्नु आघि सावुन पानीले अनिवार्य हात धुने ।
- अभिभावकले आफ्नो वच्चाको लागी अनिवार्य रुपमा माक्स लगायतका सामग्रीहरु व्यवस्थापन गर्ने ।
- सम्भव भए सम्म पिउने पानीको व्याबस्थापन घरबाटै व्यावस्थापन मिलाउने ।
- बच्चालाई ज्वरो आएमा वा कोभिड सँग कुनै पनि लक्षण देखा परेमा सो को जानकरी विधालय प्रशासन,नजिकको स्वस्थ्य सस्था वा सम्वन्धित निकायमा तत्काल गराउने र निको नभएसम्म विधालय नपठाउने ।
- कक्षाकोठा भित्रको व्यवस्थापन जस्तै विधार्थीहरु निर्धारित तोकिएको वेन्चमा वसे नवसेको,कक्षाकोठा को झ्यालढोका खुला रहे नरहेको, प्रकाश तथा हावा आवतजावत भए नभएको सुपरिवेक्षण गरि व्यावस्था गर्ने

निर कुमार बस्नेत
शिक्षा अधिकृत

निर कुमार बस्नेत
शिक्षा अधिकृत

**वोधार्थ:**
**श्री सूचना प्रविधि शाखा:** सुचना वेवसाईटमा अपलोड गरिदिनुहुन ।